आज मिति २०८३ साल जेठ १२ गते मंगलबार दिन जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री भोला दाहालज्यूको अध्यक्षतामा जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन व्यवस्थापन समितिको बैठक बसी निम्न बमोजिम निर्णयहरु गरियो।

## उपस्थितिः-

| कार्यालयहरु | | | | |
|---|---|---|---|---|
| सि.नं | नाम थर | पद | कार्यालय | हस्ताक्षर |
| | भोला दाहाल | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, पर्सा | |
| | विनोद कुमार पोखरेल | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, पर्सा | |
| | कृष्ण थापा | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, पर्सा | |
| | लोकेन्द्र कार्की | प्र.से. | श्री जंग गण पर्सा | |
| | सुदिप राज पाठक<br>हरि क. बस्नेत (DSP | प्र.उ. | जिल्ला प्रहरी कार्यालय | |
| | मोहन बहादुर क्षेत्री | स.प्र.उ. | सशस्त्र प्रहरी बल नेपाल नं १३ गण हे.क्वा पर्सा | |
| | सन्तोष ढुङ्गेल | उप.अनु.नि. | राष्ट्रि अनुसन्धान जिल्ला कार्यालय | |
| | | | जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, पर्सा | |
| | | | जिल्ला समन्वय समिति, पर्सा | |
| | डा. [illegible] | [illegible] | नारायणी अस्पताल, वीरगंज, पर्सा | |
| | भोला प्रसाद साह | इन्जिनियर | डिभिजन सडक कार्यालय, पर्सा | |
| | | | शिक्षा विकास तथा समन्वय ईकाइ पर्सा | |
| | नितराज अधिकारी | | स्वास्थ्य कार्यालय, पर्सा | |

| | | | |
|---|---|---|---|
| राम विनोद यादव | अधिकृत | भेटेरीनरी अस्पताल वीरगंज, पर्सा | |
| | | भूमीगत जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, पर्सा | |
| मन्जु किरण | प्र.व.अ | डिभिजन वन कार्यालय, पर्सा | |
| मुकेश यादव | इ. | सघन शहरी तथा भवन निर्माण आयोजना कार्यालय, पर्सा | |
| वीरेन्द्र चौधरी | इ. | नेपाल विद्युत प्राधिकरण, पर्सा | |
| मनिष कुमार गुप्ता | का.प्र. | नेपाल टेलिकम, पर्सा | |
| मुन्निलाल कुशवाहा | अधिकृत | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. | |
| संदिप ठाकुर | कृषि अर्थ विज्ञ | कृषि ज्ञान केन्द्र, पर्सा | |
| | | नारायणी सिंचाई व्यवस्थापन कार्यालय, पर्सा | |
| विपुल लाल दास | का.प्र. | खानेपानी तथा ढल व्यवस्थापन कार्यालय, पर्सा | |
| अमोद लामिछाने | का.प्र. | साल्ट ट्रेडिङ्ग कर्पोरेशन | |
| दुर्गा प्रसाद पाण्डेय | का.प्र. | कृषि सामग्री कम्पनी लि. | |
| MADHAV RAJPAL | SE.V.P | BICC I | |
| सरोज चौधरी | प्र.सं.अ. | प्र. तथा जलाधार व्यवस्थापन कार्यालय पर्सा | |
| विनय कु. गुप्ता | प्र.अ. | जि.प्र.का. | |
| सन्देश कुमार यादव | प्र.प्र.अ. | जगन्नाथपुर गा.पा. | |
| | | | |

# स्थानीय पालिकाहरु

| सि.नं | नाम थर | पद | पालिका | मोबाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | विभा मिश्र | का.वा. प्रमुख (बिपड्) | वीरगंज महानगरपालिका | 9842092424 | [signature] |
| २. | | | जिल्ला समन्वय समिति, पर्सा | | |
| ३. | | | पोखरिया नगरपालिका | | |
| ४. | विद्याप्रसाद उप्रेती | नि.प्र.प्र.अ. | बहुदरमाई नगरपालिका | 9855022066 | [signature] |
| ५. | राजु प्रसाद साह | प्र.प्र.अ. | पर्सागढी नगरपालिका | 9855099992 | [signature] |
| ६. | श्रीकान्त प्रसाद यादव | अध्यक्ष | जगरनाथपुर गाउँपालिका | 9855025329 | [signature] |
| ७. | जसवन्त यादव | अध्यक्ष | सखुवा प्रसौनी गा.पा. | 9845058617 | [signature] |
| ८. | | | धोविनी गा.पा. | | |
| ९. | | | पकहाँमैनपुर गा.पा. | | |
| १०. | | | छिपहरमाई गाउँपालिका | | |
| ११. | | | जिराभवानी गाउँपालिका | | |
| १२. | मोहम्मद प्रवेज आलम | प्र.प्र.अ | बिन्दावासिनी गाउँपालिका | 9855088527 | [signature] |
| १३. | धर्मराज थापा | प्र.अ. | ठोरी गाउँपालिका | 9855020590 | [signature] |
| १४. | | | पटेर्वा सुगौली गाउँपालिका | | |
| १५. | | | कालिकामाई गाउँपालिका | | |
| १६. | | | | | |

| राजनीतिक दल/ गैर सरकारी संघ संस्थाहरु | | | | |
| --- | --- | --- | --- | --- |
| सि.नं | नाम थर | पद | राजनीतिक दल/संस्था | हस्ताक्षर |
| १. | [illegible] | प्रवक्ता | नेपाली कांग्रेस पर्सा | [signature] |
| २. | रामनरेश प्र. यादव | अध्यक्ष | जसपा, नेपाल | [signature] |
| ३. | विनोद प्रसाद यादव | विभाग शाखा प्रमुख | नागरिक उन्मुक्ति पा | [signature] |
| ४. | विश्वराज पटेल | अध्यक्ष | आम जनता पार्टी | [signature] |
| ५ | बालेश्वर (चौधरी) | जि. सचिव | जय मातृभूमि पार्टी | [signature] |
| ६. | बाल गोपाल थापा | के.स. | नेकपा, पर्सा | [signature] |
| ७. | छेदु साह | अध्यक्ष | गैरसरकारी संस्था महासंघ नेपाल पर्सा | [signature] |
| ८. | पानालाल पटेल | सचिव | रा. प्र. पा. | [signature] |
| ९. | कुन्देश्वर प्र. यादव | सचिव | श्रम संस्कृति पा. | [signature] |
| १०. | निशेष प्र. यादव | सदस्य | जसपा नेपाल पर्सा | [signature] |
| ११. | फुलेन्द्र मंडल | सचिव | जनमत पार्टी | [signature] |
| १२ | हिमाल चन्द्र गौतम | प्र. सदस्य | राष्ट्रिय जनमोर्चा | [signature] |
| १३ | कृष्ण किशोर पटेल | सभापति | नेरेसो पर्सा जिल्ला शाखा | [signature] |
| १४. | ~~[illegible]~~ | | | |

# जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको मिति २०८३ जेठ १२ गतेको निर्णयहरु

**निर्णय नं १ (पूर्व समिक्षा सम्बन्धमा)**

पर्सा जिल्लाका विभिन्न स्थानमा मौसम परिवर्तन संगै बढ्दो गर्मी, मनसुन, सख्खा, खडेरी लगायतका अन्य कारणबाट आउने विपद्को हालको अवस्था एवं विपद्बाट पर्न सक्ने प्रभावलाई न्यूनीकरण गर्न विगतका बैठकमा भएका निर्णयहरु र आगामी दिनमा गर्नु पर्ने कार्यहरुको सम्बन्धमा विश्लेषणात्मक समिक्षा भयो।

**निर्णय नं २ (विपद् पूर्व तयारी तथा प्रतिकार्य सम्बन्धमा)**

क. जिल्लास्थित स्थानीय तह, खानेपानी तथा ढल व्यवस्थापन कार्यालय लगायत सम्बद्ध विषयगत कार्यालयहरुले सुख्खायाममा खडेरी, वन डढेलो लगायतका विपद् तथा वर्षा याममा बाढी, पहिरो, डुबान, जस्ता मनसुनजन्य विपद्को रोकथाम, जोखिम न्यूनीकरण, र विपद् प्रतिकार्य सम्बन्धी कार्यक्रम\आयोजना संचालन गर्ने।

ख. पानीजन्य रोग तथा सम्भावित महामारीको रोकथाम एवं नियन्त्रणका लागी विपद् प्रतिकार्यसम्बन्धी आवश्यक सामग्रीहरु खरिद गरी तयारी अवस्थामा राख्ने।

ग. सुख्खा ग्रस्त सम्बोधनको लागी डिप बोरिंग, पाईपलाईन विस्तार, टंकी निर्माण, धारा जडान साथै पानीको गुणस्तर परीक्षण तथा निगरानी कार्य प्रभावकारी बनाउन पानी परीक्षण प्रयोगशाला, पानी परीक्षण मोबाइल भ्यान तथा सम्बन्धित प्राविधिक जनशक्तिलाई आवश्यक तयारीसहित तयारी अवस्थामा राख्ने।

**निर्णय नं ३ (मन्त्रालयको निर्देशन कार्यान्वयन सम्बन्धमा)**

गृह मन्त्रालय (विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखाको) च.नं. ५५, मिति २०८३।०२।०७ गतेको पत्र बैठकमा पेश भई छलफल भयो र सो बमोजिम नेपालमा मनसुनको आगमन तथा सम्भावित विपद् जोखिमलाई मध्यनजर गर्दै विपद् व्यवस्थापनसँग सम्वद्ध सबै निकायहरुले जिल्ला भित्र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने कार्यलाई थप प्रभावकारी, सुव्यवस्थित र परिणाममुखी बनाउन तथा विपद्को समयमा हुन सक्ने जनधनको क्षतिलाई न्यूनीकरण गर्नको लागि आवश्यक पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा, योजना बमोजिमको न्यूनतम व्यवस्थापकीय तयारी र खोज तथा उद्धार एवं राहत सामग्रीको पूर्वप्रबन्ध मिलाउन आवश्यक समन्वय र सहजीकरण सहित उच्च सजगता अपनाउने निर्णय गरियो।

**निर्णय नं ४ (अनुदानको मल वितरण सम्बन्धमा) :**

हाल 'अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२' कार्यान्वयनमा रहेको र उक्त कार्यविधि अनुसार जिल्ला भित्र मल वितरणको अनुगमनलाई प्रभावकारी बनाउन प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला मल वितरण व्यवस्थापन समितिको व्यवस्था रहेकोले मल आपूर्तिको हालको विद्यमान असहज परिस्थितिमा विभिन्न व्यक्ति वा समूहबाट अनुदानको मल बिक्री वितरण, मूल्य र गुणस्तर लगायतका विषयमा हुन सक्ने चलखेल र गैर कानुनी कार्यहरूलाई प्रभावकारी रुपमा अनुगमन गरि नियमन र नियन्त्रण गर्ने।

## जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको मिति २०८३ जेठ १२ गतेको निर्णयहरु

**निर्णय नं १ (पूर्व समिक्षा सम्बन्धमा)**

पर्सा जिल्लाका विभिन्न स्थानमा मौसम परिवर्तन संगै बढ्दो गर्मी, मनसुन, सुख्खा, खडेरी लगायतका अन्य कारणबाट आउने विपद्को हालको अवस्था एवं विपद्बाट पर्न सक्ने प्रभावलाई न्यूनीकरण गर्न विगतका बैठकमा भएका निर्णयहरु र आगामी दिनमा गर्नु पर्ने कार्यहरुको सम्बन्धमा विश्लेषणात्मक समिक्षा भयो।

**निर्णय नं २ (विपद् पूर्व तयारी तथा प्रतिकार्य सम्बन्धमा)**

क. यस वर्षको लागि विवरण अद्यावधिक गरी तयार गरिएको मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना-२०८३ लाई अनुमोदन गर्ने निर्णय गरियो । सबै निकायले यस वर्ष मनसुन जन्य विपद् (हावाहुरी, डुबान, बाढी आदीको अवस्थामा खोज तथा उद्दार र राहत लगायतका कार्यहरु यसै योजना बमोजिम गर्ने/गराउने निर्णय गरियो साथै सबै स्थानीयतहहरुले यसै बमोजिम आ-आफ्नो स्थानीय तहको मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना-२०८३ तत्काल तयारी गरी सोही बमोजिम कार्यान्वयन गर्ने/गराउने निर्णय गरियो।

ख. मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजनाले किटानी गरे बमोजिम सबै सुरक्षा निकाय लगायत सम्बद्ध निकायहरुले आ-आफ्नो जिम्मेवारी क्षेत्रको कार्य गर्ने गरी जनशक्ति, उपकरण एवं स्रोत साधनको यथोचित व्यवस्था गरी तयारी अवस्थामा रहने।

ग. प्रत्येक स्थानीय तहले उच्च जोखिममा रहेका बस्तीहरुको पहिचान गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्न सहजिकरण गर्ने साथै अत्यावश्यक सामग्री (जस्तै-लत्ता खाद्यन्न, कपडा, औषधि, पानी) आदिको आवश्यक भण्डारण गर्ने।

घ. जिल्लास्थित स्थानीय तह, खानेपानी तथा ढल व्यवस्थापन कार्यालय लगायत सम्बद्ध विषयगत कार्यालयहरुले सुख्खायाममा खडेरी, वन डढेलो लगायतका विपद् तथा वर्षा याममा बाढी, पहिरो, डुवान, जस्ता मनसुनजन्य विपद्को रोकथाम, जोखिम न्यूनीकरण, र विपद् प्रतिकार्य सम्बन्धी कार्यक्रम\आयोजना संचालन गर्ने।

ङ. पानीजन्य रोग तथा सम्भावित महामारीको रोकथाम एवं नियन्त्रणका लागी विपद् प्रतिकार्यसम्बन्धी आवश्यक सामग्रीहरु प्रचलित कानून व्यवस्थाको परिधि भित्र रही खरिद गरी तयारी अवस्थामा राख्ने।

च. सुख्खाग्रस्त क्षेत्र सम्बोधनको लागि कानून बमोजिम डिप बोरिंग, पाईपलाईन विस्तार, टंकी निर्माण, धारा जडान साथै पानीको गुणस्तर परीक्षण तथा निगरानी कार्य, पानी परीक्षण प्रयोगशाला, पानी परीक्षण मोबाइल भ्यान तथा सम्बन्धित प्राविधिक जनशक्ति आवश्यकता अनुसार तयारी अवस्थामा राख्ने।

**निर्णय नं ३ (मन्त्रालयको निर्देशन कार्यान्वयन सम्बन्धमा)**

गृह मन्त्रालय (विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखाको) च.नं. ५५, मिति २०८३।०२।०७ गतेको पत्र बैठकमा पेश भई छलफल भयो र सो बमोजिम नेपालमा मनसुनको आगमन तथा सम्भावित विपद् जोखिमलाई मध्यनजर गर्दै विपद् व्यवस्थापनसँग सम्बद्ध सबै निकायहरुले जिल्ला भित्र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने कार्यलाई थप प्रभावकारी, सुव्यवस्थित र परिणाममुखी बनाउन तथा

विपद्को समयमा हुन सक्ने जनधनको क्षतिलाई न्यूनीकरण गर्नको लागि आवश्यक पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा, योजना बमोजिमको न्यूनतम व्यवस्थापकीय तयारी र खोज तथा उद्धार एवं राहत सामग्रीको पूर्वप्रबन्ध मिलाउन सबै सरोकारवाला निकायहरुले आवश्यक समन्वय र सहजीकरण सहित उच्च सजगता अपनाउने निर्णय गरियो।

**निर्णय नं ४ (जनचेतना सम्बन्धमा)**

हालको मौसममा सर्पदंशको सम्भावना बढी हुने भएकोले सर्पदंशको जोखिमयूक्त क्षेत्रमा सम्बन्धित स्थानीय तहले अन्य सरोकारवाला निकाय/संस्थाको समन्वयमा सचेतनामूलक कार्यक्रम तत्काल सञ्चालन गर्ने।